बूढानीलकण्ठ नगरकार्यपालिका बोर्डबाट पेश भएको आर्थिक ऐन २०७५ लाई नगर सभाबाट पारित गरी मिति २०७५।४।१ बाट कार्यान्वयन गर्ने निर्णय गरियो ।

बूढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोल्फुटार, काठमाण्डौ
३ नं प्रदेश, नेपाल

# आर्थिक ऐन, २०७५

बूढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

# आर्थिक ऐन २०७५

## बूढानीलकण्ठ नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः** बूढानीलकण्ठ नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम बूढानीलकण्ठ नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (क) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।
   (ख) यो ऐन२०७५ साल श्रावण १गतेदेखि बूढानीलकण्ठ नगरपालिका क्षेत्रमा लागु हुनेछ ।
२. **बक्यौता घरजग्गा कर तथा सम्पति करः** नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम बक्यौता घरजग्गा कर तथा सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ ।
३. **भुमी कर (मालपोत)ः** नगरपालिका क्षेत्रभित्र अनुसूचि (३) बमोजिम भुमी कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ ।
४. **घर बहाल करः** नगरपालिका क्षेत्रभित्र अनुसूचि (४) बमोजिम कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै/आंशिक तवरले बहालमा दिएकोमा भाडा सम्झौता बमोजिम ७ (सात) प्रतिशत बहाल कर नगरपालिकाबाट लगाइने र असुल गरिनेछ ।
५. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (५) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।
६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेबापत कानुनमा तोकिए बमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।
७. **सवारी साधन करः** प्रदेश कानुन स्वीकृत भई सो कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।
८. **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (८) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।
९. **मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसायमा व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेमा तथा वजारहरु सञ्चालन गर्दा प्रति दिन रु २० देखी ३०० र व्यवसायिक प्रयोजनको लागि स्टल राख्दा प्रति दिन रु २०० नगरपालिकाबाट कर लगाइने र असुल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत नगरकार्यपालिका बाट सवारी साधनको आधारमा रु १० देखि रु १०० सम्म कर लगाइने र असूल उपर गरिनेछ ।

१२. **ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा वा व्यवसाय सञ्चालन गरेबापत कानुनमा तोकिए बमोजिम करलगाइने र असुल उपर गरिनेछ ।

१३. **सेवा शुल्क/दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१३)मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट कानुनमा तोकिए बमोजिम कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **नयाँ घर निर्माण तथा नक्सा पास दस्तुरः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण हुने नयाँ घर तथा नक्सा सम्बन्धी कार्यका लागि अनसुची (१५) मा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१६. **बाली धरौटी तथा अन्य धरौटीः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र बाली धरौटी तथा अन्य धरौटी कार्यका लागि अनसुची (१६) मा व्यवस्था भए अनुसार शुल्क लगाइने र अससुल उपर गरिनेछ ।

१७. **फोहोरमैला व्यवस्थापन सेवा शुल्कः**नगरपालिकाले आफ्नो क्षेत्रभित्र फोहोर व्यवस्थापन गर्न विषयगत समितिबाट सिफारिस भई नगरसभाबाट स्विकृत भए पश्चात फोहोरमैला व्यवस्थापन सेवा शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१८. **रजिष्ट्रेशन शुल्कः**नगरपालिकाले आफ्नो क्षेत्रभित्र कानुनले तोके बमोजिम रजिष्ट्रेशन शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१९. **ढुंगा, गिट्टी, बालुवा लगायत खानी संचालन करः** नगरपालिकाले आफनो क्षेत्रभित्र कानुनले तोके बमोजिम ढुंगा, गिट्टी, बालुवा लगायत खानीजन्य पदार्थका शुल्क लगाई असुलउपर गरिनेछ ।

२०. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

२१. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यबिधीः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यबिधी नगरपालिकाले तोके अनुसार हुने छ ।

बूढानीलकण्ठ नगरपालिकामा कानुन बमोजिम गठन भएको राजश्व परामर्श समितिबाट देहाय बमोजिमका कर तथा दररेटहरु स्विकृतिको लागी नगर सभामा पेश गरियो ।

# सम्पत्ति कर

## अनुसूची २

### क. बक्यौता घरकर सम्बन्धमा

आ.व ०७५।०७६ श्रावण १ गतेबाटसम्पत्ति कर लागु गरिने भएकोले आ.व ०७४।०७५ सम्मको घरजग्गाकरको बक्यौता रकमको लागि घर र जग्गाको मुल्यांकन सहित तपसिल अनुसारको दररेट कायम गरी घरजग्गा कर बक्यौता असुली गरिनेछ । बक्यौता असुलीको लागिजग्गाको क्षेत्रफल कायम गर्दा घरको ब.फि लाई न.पा को FARअनुसार१।७५ ले भाग गरी आएको क्षे.फ लाई ३४२।२५ ले भाग गरी आउने क्षे.फ तथा सो लाई नघटने गरी करदाताले स्वःघोषणा गरे बमोजिम जग्गाको क्षे.फ कायम गरी घरजग्गा करको बाँकी बक्यौता असुलउपर गरिनेछ ।

**१) घरको मूल्याङ्कन**

| घरको बनावट | औसत लागत दर प्रति वर्ग फुट (रु.) | ह्रास कट्टी (प्रतिशतमा) | कट्टी गर्ने जम्मा बर्ष |
|---|---|---|---|
| भित्र काँचो बाहिर पाको ईंट्टामा माटोको जोडाई भएको वा काठै काठबाट बनेको र जस्ता, झिँगटी, टायल, एसवेस्टसको छाना भएको घर | ६००।- | ३ | २५ |
| भित्र बाहिर सिमेन्ट प्लाष्टर गरि छाना ढलान वा आर.वि.सि गरिएको वा जस्ता, टायल, झिँगटी, एसवेस्टसको छाना भएको | ७५०।- | २ | ३० |
| भित्र बाहिर पाको ईंट्टा वा ढुङ्गामा सिमेन्ट प्लाष्टर गरि छाना ढलान (आर.सि.सि वा आर.वि.सि ) गरिएको घर | १७५०।- | १ | ७० |
| आर.सि.सि फ्रेम स्ट्रक्चरमा लिफ्ट/ एस्कलेटर जडान भएको घर | १८००।- | ०.७५ | १०० |
| स्टील फ्रेम स्ट्रक्चर, फ्रविडट्रस, फाइवर वा यस्तै संरचना | १८००।- | ०.७५ | १०० |

**२) जग्गाको मुल्यांकन दर**

अ) गोरेटो बाटो भएको प्रति आना रु १,००,०००।-

आ) कच्चि/ ग्राभेल सडक प्रति आना रु ३,००,०००।-

इ) भित्रि सहायक पिच सडक प्रति आना रु ४,००,०००।-

ई) मुल पिच सडक प्रति आना रु ८,००,०००।-

**३) घर जग्गा करको दर** (बक्यौता घरजग्गा कर प्रयोजनको लागि मात्र)

१) पहिलो रु ३० लाख सम्ममा एकमुष्ठ रु ५००।-
२) त्यसपछिको थप रु २० लाख सम्म ०.०८ प्रतिशत
३) त्यसपछिको थप रु ५० लाख सम्म ०.१५ प्रतिशत
४) त्यसपछिको थप रु १ करोड सम्म ०.२५ प्रतिशत
५) त्यसपछिको जतिसुकै रुपैया थप भए पनि ०.३५ प्रतिशत

**ख.सम्पत्ति कर सम्बन्धमा**

स्थानीय शासन संचालन ऐन २०७४ को दफा ५५ (१) अनुसार यस बूढानीलकण्ठ नगरपालिकाले आ.व ०७५।०७६ श्रावण बाट निम्न अनुसार सम्पत्ति कर लागु गरिनेछ । सम्पत्ति कर चुक्ता गर्नको लागि आ.व ०७४।०७५ सम्मको घरकर तथा मालपोत असुलउपर गर्नुपर्नेछ, । सम्पत्ति करको जग्गाको क्षे.फ कायम गर्दा घरकर बक्यौता करमाउल्लेख भए बमोजिमकोFARकायम गरिनेछ ।

**१. सम्पत्ति करको लागि घरको मुल्यांकनः**

| घरको बनावट | औसत लागत दर प्रति वर्ग फुट | ह्रास कट्टी प्रतिशतमा | कट्टी गर्ने जम्मा बर्ष |
|---|---|---|---|
| भित्र काँचो बाहिर पाको ईटामा माटोको जोडाई भएको वा काठै काठबाट बनेको र जस्ता, झिँगटी, टायल, एसवेस्टसको छाना भएको घर | रु ६००।- | ३ | २५ |
| भित्र बाहिर सिमेन्ट प्लाष्टर गरि छाना ढलान वा आर वि सि गरिएको वा जस्ता, टायल, झिगटी, एसवेस्टसको छाना भएको | रु ७५०।- | २ | ३० |
| भित्र बाहिर पाको ईटा वा ढुङ्गामा सिमेन्ट प्लाष्टर गरि छाना ढलान (आर सि सि वा आर वि सि ) गरिको घर | रु १७५०।- | १ | ७० |
| आर सि सि फ्रेम स्ट्रक्चरमा लिफ्ट/ एस्कलेटर जडान भएको घर | रु १८००।- | ०.७५ | १०० |
| स्टील फ्रेम स्ट्रक्चर, फ्रविङट्रस, फाइवर वा यस्तै संरचना | रु १८००।- | ०.७५ | १०० |
| डिपार्टमेन्ट स्टोर, कम्प्लेक्स, अपार्टमेन्ट र पाँचतारे तथा ठुला होटल | रु ३०००।- | ०.७५ | १०० |

| क्र.सं. | सडकको बिवरण | वडा नं | मुल्यांकन (रु.) | वडा नं. | सडकको किसिम | मुल्यांकन |
|---|---|---|---|---|---|---|

## २. सम्पत्ति करको लागि जग्गाको मुल्यांकन दर:

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | बाटो नभएका जग्गाहरु | १ देखि १३ | २,५०,०००।- | • पहाडी भुभाग छुने वडाहरु १,२,३,४,५ र १३ का केही भुभागहरु<br>• बू.न.पा वडा नं. १ साविक चपली गा.वि.स वडा नं. १/क, १/ख, ३/क, ३/ख, ४/ख, ४/ग का केही भुभागहरु<br>• बू.न.पा वडा नं. २ साविक चपली गा.वि.स वडा नं. ५/क, ५/ख को केही भुभाग<br>• बू.न.पा वडा नं. ३ साविक बिष्णु गा.वि.स को वडा नं. १/क को पुरै भुभाग<br>• बू.न.पा वडा नं. ४ साविक बिष्णु गा.वि.स वडा नं. ६/क, ६/ख, ६/ग को पुरै भुभाग<br>• बू.न.पा वडा नं. ५, साविक बिष्णु गा.वि.स वडा नं. ९/क, ९/ख, ७/ख, ८/क, ८/ख का केही भुभाग<br>• वडा नं. १३ साविक चुनीखेल गा.वि.स मेन रोड नामाकरण गरिएको जग्गा बाहेक अन्य जग्गाको मुल्य | बाटो नभएका जग्गाहरु | १,५०,०००।- |
| २ | गोरेटो बाटो भएका जग्गाहरु | १ देखि १३ | ३,५०,०००।- | | गोरेटो बाटो भएका जग्गाहरु | २,५०,०००।- |
| ३ | कच्ची मोटरबाटो भएका जग्गाहरु | १ देखि १३ | ६,५०,०००।- | | कच्ची मोटरबाटो भएका जग्गाहरु | ५,००,०००।- |
| ४ | पिच बाटो भएका जग्गाहरु | १ देखि १३ | ९,००,०००।- | | पिच बाटो भएका जग्गाहरु | ७,७०,०००।- |
| | | | | | | |

| क.सं. | सडकको बिवरण | वडा नं | मुल्यांकन (रु.) | वडा नं. | मुल्यांकन |
|---|---|---|---|---|---|
| १ | कच्ची मोटरबाटो भएका जग्गहरु | १ देखि १३ | ९,००,०००।- | वडा नं १३ को ४ मिटर भन्दा बढी चौँडाईका सडकः (मेन रोड बाहेक) | १,५०,०००।- |
| २ | पिचसडक भएका जग्गाहरु | १ देखि १३ | ११,००,०००।- | | २,५०,०००।- |

**४ मिटर भन्दा कम चौँडाई भएको सडकहरुमा**

**मेन सडक नामाकरण गरिएका जग्गाहरु**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | बूढानीलकण्ठ जाने मुल सडक | | १७,००,०००।- | | |
| २ | गोल्फुटार हुँदै धुम्बाराही जाने मुल सडक | | १५,००,०००- | | |
| ३ | तेञ्जिङ्ग चोक आनिगुम्बा सडक | | १,००,०००।- | | |
| ४ | साततले-मिलनचोक तरकारी बजार जाने सडक | | १३,००,०००।- | | |
| ५ | साततले-साँप्रेढुंगा सडक | | १५,००,०००।- | | |
| ६ | राम मन्दिर बाट कृष्ण मन्दिर जाने बाटो | | १५,००,०००।- | | |
| ७ | बिष्णुमती-धोबीखोला जाने सडक | | १२,००,०००।- | | |
| ८ | धोबीखोला पुल देखि कपन जोड्ने चुनीखेल मुल सडक | | १०,००,०००।- | | |

***नोटः सार्वजनिक जग्गामा निर्माण भएका भवन र संस्थाको नाममा जग्गा रही धार्मिक संस्थाको रुपमा संचालन रहेको मठ, मन्दिर र गुम्बाहरुलाई भने सम्पत्ति कर छुट हुनेछ ।***

### ३. सम्पत्ति करको दरः (सम्पत्ति कर प्रयोजनको लागि मात्र)

| | | | | |
|---|---|---|---|---|
| १ | पहिलो रु. ३०,००,००० (तीस लाख) सम्म | एकमुष्ठ | रु. ५००।- | |
| २ | दोश्रो रु. २०,००,००० (बीस लाख) सम्म | ०.०४ % | रु. ८००।- | |
| ३ | तेश्रो रु. ५०,००,००० (पचास लाख) सम्म | ०.०८% | रु. ४,०००।- | |
| ४ | चौंथो रु. १,००,००,००० (एक करोड) सम्म | ०.१३% | रु. १३,०००।- | |
| ५ | पाचौं रु. १,००,००,००० (एक करोड) भन्दा माथि जति भए पनि | ०.२५% | | |
| ***सम्पत्ति करको जग्गाको क्षे.फ तथा FAR ४ आना सम्मको जग्गामा लागु हुनेछैन, सो भन्दा माथिको जग्गामा मात्र माथि उल्लेख भए बमोजिम FAR हिसाव गरी जग्गाको क्षे.फ कायम गरिनेछ ।*** | | | | |

## भुमी कर (मालपोत) सम्बन्धमा

## अनुसूची ३

| क्र.सं. | बिवरण | दर (रु.) |
|---|---|---|
| १ | न्युनतम | ५०।- |
| २ | प्रति रोपनी | २००।- |
| ३ | प्रति आना | १२।५० |
| ४ | बक्यौता जरिवाना | १०% |
| ५ | जग्गा बाँझो राखेमा न्युनतमः<br>१ रोपनी भन्दा कम | ५००।- |
| | १ रोपनी भन्दा माथि जति भए पनि | १०००।- |
| ***सम्पत्ति कर तिरिएको जग्गाको मालपोत लाग्नेछैन ।*** | | |

## बहाल कर

## अनुसूची ४

| सि.नं. | बिवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | भवन तथा घर,पसल, ग्यारेज, गोदाम, टहरा | ७% | |
| २ | जग्गा तथा पोखरी | ७% | |
| ***बूढानीलकण्ठ नगरपालिकामा बहाल कर आ.व २०७५।०७६ बाट लागु गरिनेछ ।*** | | | |

## व्यवसाय कर
## अनुसूची ५

| क्र.सं. | बिवरण | आ.व २०७४/०७५ को स्वीकृत दररेट ( रु.) | आ.व २०७५/०७६ को स्वीकृत दररेट (रु.) |
|---|---|---|---|
| १ | डिपार्टमेन्ट स्टोर दर्ता तथा नवीकरण | ३००० | १०००० |
| २ | व्यवसाय दर्ताः चुरोट तथा रक्सी | | |
| | क. ठुला रु. ५ लाख भन्दा माथि | ५००० | ५००० |
| | ख. साना रु. ५ लाख सम्म | २००० | २००० |
| ३ | खुद्रा व्यवसाय (किराना) | | |
| | क. ठुला रु. ५ लाख भन्दा माथि | ४००० | ४००० |
| | ख. साना रु. ५ लाख सम्म | २००० | २००० |
| | ग. होलसेल (थोक बिक्रेता) | १००० | ६००० |
| ४ | सुनचाँदी तथा गहना बनाउने पसल | | |
| | क. ठुला रु. ५ लाख भन्दा माथि | २००० | ५००० |
| | ख. साना रु. ५ लाख सम्म | १००० | ३००० |
| ५ | ईलेक्ट्रोनिक सामान खरिद बिक्रि व्यवसाय | | |
| | क. ठुला रु. ५ लाख भन्दा माथि | २००० | २००० |
| | ख. साना रु. ५ लाख सम्म | १००० | १००० |
| ६ | निर्माण सामाग्री तथा हार्डवेयर व्यवसाय | | |
| | क. ठुला रु. ५ लाख भन्दा माथि | २००० | २००० |
| | ख. साना रु. ५ लाख सम्म | १००० | १००० |
| ७ | फर्निसिङ्ग तथा फर्निचर | | |
| | क. ठुला रु. ५ लाख भन्दा माथि | ५००० | ५००० |
| | ख. साना रु. ५ लाख सम्म | २००० | २००० |
| ८ | पेट्रोलियम पदार्थ स्टोर वा डिपो | | |
| | क. ठुला रु. ५ लाख भन्दा माथि | ५००० | १०००० |
| | ख. साना रु. ५ लाख सम्म | १००० | |
| ९ | कपडा पसल फेन्सी स्टोर | | |
| | क. ठुला रु. ५ लाख भन्दा माथि | २००० | २००० |
| | ख. साना रु. ५ लाख सम्म | १००० | १००० |
| १० | सवारी साधन बिक्रेता | | |
| | क. ठुला रु. ५ लाख भन्दा माथि | ५००० | ५००० |
| | ख. साना रु. ५ लाख सम्म | २००० | २००० |
| ११ | बिशेष परामर्श तथा अन्य व्यवसायिक सेवा | | |
| | क. ठुला रु. ५ लाख भन्दा माथि | २००० | २००० |
| | ख. साना रु. ५ लाख सम्म | १००० | १००० |

| | | | |
|---|---|---|---|
| १२ | कानुन ब्यवसायी | ५०० | ५०० |
| १३ | ईन्जिनियरिङ्ग तथा कन्सल्टेन्सी प्रति घर | १००० | १००० |
| १४ | लेखापरिक्षक | | |
| | क. सि.ए | ५००० | ५००० |
| | ख. अन्य | १००० | १००० |
| १५ | दन्त परिक्षक | ५०० | ५०० |
| १६ | अनुसन्धान कर्ता तथा परामर्शदाता | १००० | १००० |
| १७ | कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | | |
| | क. श्रेणी बिज्ञ | १००० | १००० |
| | ख. श्रेणी सामान्य | ५०० | ५०० |
| १८ | बिमा अभिकर्ता | १००० | १००० |
| १९ | सर्भेयर | १००० | १००० |
| २० | अनुवादक | ५०० | ५०० |
| २१ | पशुचिकित्सक | १००० | १००० |
| २२ | शेयर दलाल | १००० | १००० |
| २३ | सामान ढुवानी तथा कम्पनी ट्रान्सपोर्ट सर्भिस | २००० | २००० |
| २४ | संस्थागत पेन्टर | ५००० | ५००० |
| २५ | सामान्य पेन्टर | ५०० | ५०० |
| २६ | निर्माण ब्यवसायी | ५००० | ५००० |
| २७ | उत्पादन मुलक उद्योग | ५००० | ५००० |
| २८ | ब्यवसायिक संकलन केन्द्र (डिपो) | ५०० | ५०० |
| २९ | घरेलु उद्योग तथा कलकारखाना | | |
| | क. ठुला रु. ५ लाख भन्दा माथि | २००० | ५००० |
| | ख. साना रु. ५ लाख सम्म | १००० | |
| ३० | उर्जामुलक उद्योग | | |
| | क. ठुला रु. ५ लाख भन्दा माथि | २००० | १०००० |
| | ख. साना रु. ५ लाख सम्म | १००० | |
| ३१ | कृषि तथा बनजन्य उद्योग | | |
| | क. ठुला रु. ५ लाख भन्दा माथि | १००० | १००० |
| | ख. साना रु. ५ लाख सम्म | ५०० | ५०० |
| ३२ | खनिज उद्योग | | |
| | क. ठुला रु. ५ लाख भन्दा माथि | २००० | ५००० |
| | ख. साना रु. ५ लाख सम्म | १००० | |
| ३३ | पर्यटन उद्योग | | |
| | क. होमस्टे राखी ब्यवसाय गर्ने प्रति घर | १००० | १००० |
| | ख. होटल तथा गेष्ट हाउस १५ कोठा सम्म | १०००० | १०००० |
| | ग. १५ कोठा भन्दा माथि | २०००० | २०००० |
| | घ. तारे होटल | ५०००० | ५०००० |

| | | | |
|---|---|---|---|
| ३४ | साधारण रेस्टुरेन्ट | | |
| | क. ठुला रु. १० लाख भन्दा माथि | ३००० | ३००० |
| | ख.मझौला रु. ५ लाख भन्दा माथि | २००० | २००० |
| | ग.साना रु. ५ लाख सम्म | १००० | १००० |
| ३५ | जलपान पसल तथा चियाकफी | ५०० | ५०० |
| ३६ | सेवा उद्योग (छापाखाना) | १००० | १००० |
| ३७ | निर्माण उद्योग सडक पुल आवास तथा कम्प्लेक्स | | |
| | क. ठुला रु. ५ लाख भन्दा माथि | ५००० | ५००० |
| | ख. साना रु. ५ लाख सम्म | २००० | २००० |
| ३८ | संचार सेवा हुलाक चिठीपत्र कुरियर | ५०० | ५०० |
| ३९ | टेलिफोन, फ्याक्स, फोटोकपी | १००० | १००० |
| ४० | नेपाल सरकारको निजि बाणिज्य बैंक | ५००० | ५००० |
| ४१ | बिमा कम्पनी | २००० | २००० |
| ४२ | बिदेशी मुद्रा सटही काउण्टर/मनी ट्रान्सफर | २००० | २००० |
| ४३ | धितोपत्र कारोबारवाला | २००० | २००० |
| ४४ | सहकारी बैंक तथा ऋण सहकारी | २००० | ५००० |
| ४५ | कृषि सहकारी | १००० | २००० |
| ४६ | निजी अस्पताल तथा सामुदायिक अस्पताल | ५००० | १०००० |
| ४७ | नर्सिङ्गहोम | ५००० | ५००० |
| ४८ | क्लिनिक तथा ल्याव | २००० | ३००० |
| ४९ | ल्याव | १००० | २००० |
| ५० | फिजियोथेरापी | १००० | २००० |
| ५१ | अन्तर्राष्ट्रिय गैर सरकारी संस्था | ३००० | ३००० |
| ५२ | मोटरसाईकल तथा अन्य सर्भिसिङ्ग | ५००० | ५००० |
| ५३ | कार, ट्रक,बस मर्मत तथा सर्भिसिङ्ग | १०००० | १०००० |
| ५४ | बिज्ञापन एजेन्सी | २००० | २००० |
| ५५ | बैदेशिक रोजगार सेवा | ५००० | ५००० |
| ५६ | स्वदेशी रोजगार | १००० | १००० |
| ५७ | हाउजिङ्ग कम्पनी खरिद बिक्रि | २०००० | २०००० |
| ५८ | ब्युटिपार्लर/केश श्रृंगार | १००० | १००० |
| ५९ | ड्राई क्लिनर्स | ५००० | ५००० |
| ६० | फोटो स्टुडियो | १००० | १००० |
| | कलर ल्याव | | ५००० |
| ६१ | सिलाई पसल | ५०० | ५०० |
| ६२ | मासु बिक्रेता | | |
| | क. खुद्रा | १००० | १००० |
| | ख. थोक | | ५००० |

| | | | |
|---|---|---|---|
| ६३ | फलफुल तथा तरकारी  बिक्रेता | १००० | १००० |
| ६४ | सिसा तथा प्लाइउड पसल | २००० | २००० |
| ६५ | केबुल नेटवर्क | | |
| | क. ठुला ग्राहक संख्या १५० भन्दा माथि | ५००० | ७००० |
| | ख. साना ग्राहक संख्या १५० सम्म | २००० | ५००० |
| ६६ | मार्वल पसल | ५००० | ५००० |
| ६७ | पार्क तथा पिकनिक स्पट | १००० | १००० |
| ६८ | क्यासिनो | २०००० | २०००० |
| ६९ | टुर अपरेटर | ३००० | ३००० |
| ७० | मसाज पार्लर | २००० | २००० |
| ७१ | मिठाई पसल | | |
| | क. ठुला रु. ५ लाख भन्दा माथि | १५०० | १५०० |
| | ख. साना रु. ५ लाख सम्म | १००० | १००० |
| ७२ | भोजनालय | | |
| | क. ठुला रु. ५ लाख भन्दा माथि | १५०० | १५०० |
| | ख. साना रु. ५ लाख सम्म | ५०० | ५०० |
| ७३ | डेरी जन्य उद्योग | २००० | २००० |
| ७४ | डेरी पसल | १००० | १००० |
| ७५ | औषधी पसल | ५०० | २००० |
| ७६ | ग्रिल उद्योग | २००० | २००० |
| ७७ | नकर्मी पसल | ५०० | ५०० |
| ७८ | जुत्ता सिउने पसल | २०० | २०० |
| ७९ | बेकरी उद्योग | | |
| | क. ठुला रु. ५ लाख भन्दा माथि | २००० | २००० |
| | ख. साना रु. ५ लाख सम्म | १००० | १००० |
| ८० | कुटानी पिसानी | | |
| | क. ठुला रु. ५ लाख भन्दा माथि | १००० | १००० |
| | ख. साना रु. ५ लाख सम्म | ५०० | ५०० |
| ८१ | हजाम पसल | १००० | १००० |
| ८२ | पान पसल | ५०० | ५०० |
| ८३ | ग्याँस डिपो | २००० | २००० |
| ८४ | आल्मुनियम उद्योग व्यवसाय | ५००० | ५००० |
| ८५ | सेरामिक्स पसल | १००० | १००० |
| ८६ | ह्याण्डिक्राफ्ट | १००० | १००० |
| ८७ | मिनरल वाटर उद्योग | ५००० | १०००० |
| ८८ | सोलार बत्ती मेसिनरी औजार बिक्रि | २००० | २००० |
| ८९ | टेलिभिजन स्टेसन | ५००० | ५००० |
| ९० | रेडियो एफ.एम | ३००० | ३००० |

| | | | |
|---|---|---|---|
| ९१ | सम्पुर्ण ब्यवस्था भएको पार्टिप्यालेस | ५००० | १०००० |
| | कोठा भाडामा लिई सामान राखेको क्याटरिङ्ग | | ५००० |
| ९२ | रंगरोगन पसल | ३००० | ३००० |
| ९३ | स्विमिङ्गपुल तथा फिटनेश सेन्टर | ५००० | ५००० |
| ९४ | योगा, जुम्बा तथा अन्य | | २००० |
| ९५ | ड्राईभिङ्ग ट्रेनिङ्ग सेन्टर | | |
| | क. मोटरसाईकल/स्कुटर | ३००० | ३००० |
| | ख. मोटर लाईट/हेभी | ५००० | ५००० |
| ९६ | अन्य | ५०० | ५०० |
| ९७ | ब्यवसाय बन्द गर्दा सिफारिस | ५०० | ५०० |
| ९८ | ब्यवसाय नामसारी गर्दा | | |
| | साना रु. ५ लाख सम्म | ५०० | ५०० |
| | ठुला रु. ५ लाख भन्दा माथि | १००० | १००० |
| ९९ | फुटसल तथा अन्य खेलकुद | | १०००० |
| १०० | मोबाईल पसल | | ३००० |
| १०१ | मोबाईल मर्मत पसल | | २००० |
| १०२ | निर्माण सामाग्री सप्लायर्स | | १०००० |
| १०३ | यातायात ब्यवसायी | | ५००० |
| १०४ | ट्रेकिङ्ग ब्यवसाय | | २००० |
| १०५ | अटो तथा स्पेयर पार्ट्स सप्लायर्स | | ५००० |
| १०६ | स्टेस्नरी | | २००० |
| १०७ | अन्य बर्गिकृत नभएका ब्यवसायहरु | | २००० |
| १०८ | मेनपाउर | | ५००० |
| १०९ | पशु तथा कृषि ब्यबसाय | | ३००० |
| ११० | भाँडा पसल | | |
| | क. साना रु. ५ लाख सम्म | | ५००० |
| | ख.ठुला रु. ५ लाख भन्दा माथि | | १०००० |
| १११ | ट्राभल एजेन्सी एजेन्ट | | २००० |
| ११२ | पानी प्रशोधन ब्यबसाय | | ३००० |
| ११३ | मिनिरल वाटर उघोग | | ५००० |

***पुनश्चः उल्लेखित ब्यबसाय करको बक्यौता रकम बाँकी रहेको देखिएमा सो बक्यौता रकमको १० प्रतिशत जरीवाना लाग्ने छ ।***

# जडिबुटी, कवाडी र जीवजन्तु कर

अनुसुची ६

| सि.नं. | बिवरण | शुल्क (रु) | कैफियत |
|---|---|---|---|
| १ | जडिबुटीको कारोबार गर्ने व्यवसाय, संस्था दर्ता तथा नवीकरण शुल्क | ५००० | |
| २ | कवाडीको कारोबार दर्ता तथा नवीकरण शुल्क | ५००० | |
| ३ | जीवजन्तुको कारोबार गर्ने व्यवसाय दर्ता तथा नवीकरण शुल्क | ३००० | |

## सवारीसाधन कर

## अनुसूची ७

१. सवारी साधन कर प्रदेश कानुनले व्यवस्था गरे बमोजिम हुनेछ ।

## बिज्ञापन कर

## अनुसूची ८

| क.सं. | बिवरण | आ.व ०७४।०७५ को स्वीकृत दररेट | आ.व २०७५।७६ को स्वीकृत दर |
|---|---|---|---|
| १ | ग्लो साईनबोर्ड/डि.पि.एस बोर्ड प्रति ब.फि | १०० | १०० |
| २ | वाल पेन्ट बिज्ञापन प्रति ब.फि | १० | १० |
| ३ | ब्यानर (बढीमा २ महिना सम्मको लागि राख्न पाउने र सो समय पश्चात स्वयं हटाउनुपर्नेछ) प्रति गोटा | | |
| | क. उद्योग | ५०० | ५०० |
| | ख. निजी बिद्यालय तथा सार्वजनिक संघ संस्था | ३०० | ३०० |
| | ग. सार्वजनिक बिद्यालय | १०० | १०० |
| | घ. बिभिन्न प्रकारका पम्प्लेट बनाई A4 साईजमा बिज्ञापन गर्दा प्रति गोटा | ५ | ५ |
| ***डिजिटल बोर्ड मार्फत बिज्ञापन हुँदा लाग्ने कर दस्तुर नगर कार्यपालिकाको बोर्डबाट निर्णय भए बमोजिम हुनेछ ।*** | | | |

## बहाल बिटौरी शुल्क

## अनुसूची १०

१. नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेमा तथा वजारहरु सन्चालन गर्दा प्रति दिन रु २० देखी ३०० र व्यावसायिक प्रयोजनको लागि स्टल राख्दा प्रति दिन रु २०० नगरपालिकाबाट कर लगाइने र असूल उपर गरिनेछ ।

## पार्किङ शुल्क
## अनुसूची ११

१. नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत नगरकार्यपालिका बाट सवारी साधनको आधारमा रु बार्षिक १००० देखि ३००० सम्म कर लगाइने र असूल उपर गरिनेछ ।

## ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टिङ्ग शुल्क
## अनुसूची १२

१. नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टिङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत कानुनमा तोकिए बमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।

## सेवा शुल्क तथा दस्तुर
## अनुसूची १३

| सि.नं. | बिवरण | आ.व २०७४।०७५ को स्वीकृत दर | आ.व २०७५।०७६ को स्वीकृत दर |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | निशुल्क | निशुल्क |
| २ | आदिवासी, जनजाती, दलित अपाङ्ग, बिपन्न सिफारिस | निशुल्क | निशुल्क |
| ३ | जग्गा नामसारी सिफारिस | ५०० | ५०० |
| ४ | जोत नामसारी-मोही | ५०० | ५०० |
| ५ | जग्गा दर्ता नामसारी | २००० | २००० |
| ६ | मोही लगत कट्टा सिफारिस-एकाघर | ५०० | ५०० |
| ७ | मोही लगत कट्टा सिफारिस-एकाघर भन्दा बाहिर | २००० | २००० |
| ८ | बकस पत्र बमोजिमको जग्गा नामसारी दा.खा | ५०० | ५०० |
| ९ | नामथर शंसोधन सिफारिस | ५० | ५०० |
| १० | गुठी रैतानी सिफारिस | ५०० | ५०० |
| ११ | बुथ सिफारिस (Dealership) | ५०० | ५०० |
| १२ | धारा बिजुली सिफारिस सामान्य | ५०० | ५०० |
| | क. उद्योग साना-थ्रि फेज | २००० | २००० |

| | | | |
|---|---|---|---|
| | ख. उद्योग मझौला- थ्रि फेज | ५००० | ५००० |
| | ग. उद्योग ठुला- थ्रि फेज | १०००० | १०००० |
| १३ | उद्योगलाई बिद्युत सिफारिस- सिङ्गल फेज | २००० | २००० |
| १४ | तिनुपुस्ते फोटो टाँस सिफारिस | ५०० | ५०० |
| १५ | प्रतिलिपी सिफारिस | ५०० | ५०० |
| १६ | सुचना टाँस सिफारिस | ५०० | ५०० |
| १७ | उद्योग नामसारी | १००० | १००० |
| १८ | उद्योग टहरा नामसारी सिफारिस प्रति ब.फि | ४ | ४ |
| १९ | भवन तथा घर मर्मत सिफारिस | ५०० | ५०० |
| २० | घर कायम सिफारिस | ५०० | ५०० |
| २१ | जन्म मिति प्रमाणित सिफारिस | ५०० | ५०० |
| २२ | नाबालक सिफारिस १६ बर्ष | निशुल्क | निशुल्क |
| २३ | अविवाहित र बिवाहित प्रमाणित सिफारिस ( सर्जमिन समेत) | ५०० | ५०० |
| २४ | अंग्रेजीमा जन्ममिति प्रमणित सिफारिस | ५०० | ५०० |
| २५ | अंग्रेजीमा नाबालक प्रमाणित सिफारिस | ५०० | ५०० |
| २६ | अंग्रेजीमा बिवाहित प्रमाणित सिफारिस | ५०० | ५०० |
| २७ | नाता कायम सिफारिस | ५०० | ५०० |
| २८ | अंग्रजीमा नाता कायम सिफारिस | १००० | १००० |
| २९ | चारित्रिक प्रमाणित सिफारिस | ५०० | ५०० |
| ३० | बसोबास प्रमाणित-बिदेशी (सार्क राष्ट्र बाहेक) | ५००० | ५००० |
| ३१ | बसोबास प्रमणित-बिदेशी (सार्क राष्ट्रका नागरिक) | | ३००० |
| ३२ | बसोबास प्रमाणित-स्वदेशी | ५०० | ५०० |
| ३३ | करचुक्ता सिफारिस | ५०० | ५०० |
| ३४ | नाता प्रमाणित (हक खुलाउने) | निशुल्क | निशुल्क |
| ३५ | सम्पत्ति मुल्यांकन सिफारिस दस्तुर ७५% छुट हुने सम्बन्धमा सम्बन्धित क्याम्पस/बिश्व बिद्यालयबाट वा बिद्यार्थी भई अध्ययनको लागि जान लागेको बिवरण खुल्ने आवश्यक कागजात पेश गर्नुपर्नेछ। | ०.२% | ०.२% |
| ३६ | आयश्रोत प्रमाणित सिफारिस दस्तुर ७५% छुट हुने सम्बन्धमा सम्बन्धित क्याम्पस/बिश्व बिद्यालयबाट वा बिद्यार्थी भई अध्ययनको लागि जान लागेको बिवरण खुल्ने आवश्यक कागजात पेश गर्नुपर्नेछ। | ०.२% | ०.२% |
| ३७ | निवेदन दस्तुर | १० | निशुल्क |

| | | | |
|---|---|---|---|
| ३८ | उजुरी/रोक्का निवेदन | १० | निशुल्क |
| ३९ | जग्गा बिवाद हुँदा अमिन खटाउँदा प्रति घर/प्रति निवेदन वा बिषय | ५०० | १००० |
| ४० | चारकिल्ला सिफारिस दस्तुर न्युनतम | ५०० | ५०० |
| | क. बाटो नभएको प्रति आना | ५० | ५० |
| | ख. गोरेटो बाटो तथा अन्य प्रति आना | ७५ | ७५ |
| | ग. कच्ची मोटरबाटो प्रति आना | १२५ | १२५ |
| | घ. सहायक पिच बाटो | १५० | १५० |
| | ङ. कुल पिच बाटो | १७५ | १७५ |
| ४१ | घरबाटो सिफारिस दस्तुर न्युनतम | ५०० | ५०० |
| | क. बाटो नभएको प्रति आना | २०० | २०० |
| | ख. गोरेटो बाटो तथा अन्य प्रति आना | ३५० | ३५० |
| | ग. कच्ची मोटरबाटो प्रतिआना | ४०० | ४०० |
| | घ. सहायक पिचबाटो प्रति आना | ५०० | ५०० |
| | ङ. मुल पिच बाटो प्रति आना | ६०० | ६०० |
| | ***अंशवण्डाको हकमा*** | | |
| | च. तिन पुस्ते भित्र १ रोपनी सम्म | १००० | १००० |
| | छ. तिन पुस्ते भित्र ३ रोपनी सम्म | २००० | २००० |
| | ज. सो भन्दा मथि जति सुकै भएतानी | ५००० | ५००० |
| ***घरबाटो सिफारिस गर्दा जग्गाधनीले पेश गरेको कित्ता अनुसार जतिसुकै क्षेत्रफल भएतापनि निवेदकले माग गरे बमोजिमको क्षेत्रफलको आधारमा असुल गर्ने ।*** | | | |
| ४२ | स्थलगत सर्जिमिन (मृत्यु र नागरिकता बाहेक) | १००० | १००० |
| ४३ | घटना दर्ता | | |
| | क. ३५ दिन भित्र जुनसुकै घटना दर्ता | निशुल्क | निशुल्क |
| | ख. जन्म दर्ता | ५० | ५० |
| | ग. बिवाह दर्ता | ५० | ५० |
| | घ. बसाईंसराई दर्ता | ५० | ५० |
| | ङ. मृत्यु दर्ता | ५० | ५० |
| | च. सम्बन्ध बिच्छेद दर्ता | ५० | ५० |
| ४४ | धरौटी कुतवाली जग्गा धनीलाई भुक्तानी दिंदा सेवा शुल्क | १०% | १०% |
| ४५ | निजि बोरिङ्ग स्वीकृत दिए बापत | १५००० | १५००० |
| ४६ | शिक्षा सम्बन्धी नयाँ बिद्यालय खोल्ने सिफारिस | | |
| | क. प्रा.वि तह वा सो भन्दा मुनी | ५००० | ५००० |
| | ख. नि.मा.वि तह | ७००० | ७००० |
| | ग. मा.वि तह | १०००० | १०००० |

| | | | |
|---|---|---|---|
| | घ. उ.मा.वि क्याम्पस तह सम्म | १५००० | १५००० |
| | ङ. अपग्रेडको लागि | २००० | २००० |
| ***सार्वजनिक सरकारी/सार्वजनिक गुठीको स्कुलको लागि कर छुट हुनेछ ।*** | | | |
| ४७ | संस्था दर्ता तथा नवीकरण | १००० | १००० |
| ४८ | ट्रेस नक्सा तथा ब्लुप्रिन्ट निकाल्न सिफारिस | | १०० |

## पर्यटन शुल्क
## अनुसूची १४

१. नगरपालिकाले आफ्नो क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरुबाट निम्न अनुसार कर लगाईनेछ ।

| सि.नं. | बिवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | सार्क राष्ट्रका नागरिकलाई | रु१०० | |
| २ | अन्य राष्ट्रका नागरिकलाई | १० अमेरिकी डलर | |
| ***नेपालीहरुको हकमा नगरकार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ । बिद्यार्थी र जेष्ठ नागरिकलाई छुट दिईनेछ ।*** | | | |

## नयाँ घर निर्माण तथा नक्सापास दस्तुर
## अनुसूची १५

| सि.नं. | बिवरण | आ.व २०७४।०७५ को स्वीकृत दर | आ.व २०७५।०७६ को स्वीकृत दर |
|---|---|---|---|
| १ | नक्सा दरखास्त फाराम | १००० | १००० |
| २ | प्राबिधिक चेकजाँच/ न.पा बाट ईन्जिनियर/सव-ईन्जिनियर खटाउँदा शुल्क बापत | २००० | २००० |
| ३ | नक्सा शंसोधनः | | |
| | क. प्रति बर्गफिट | १२ | १३ |
| | ख. न्युनतम | | ३००० |
| ५ | निर्माण सम्पन्न | २००० | ३००० |
| ४ | प्रतिलिपी नक्सा र प्रमाणपत्र प्रति सेट | १००० | २००० |
| ५ | नक्सापास दस्तुर प्रति बर्गफिट | | |
| | क. आवाशिय | १२ | १२ |
| | ख. ब्यवसायिक | १५ | १५ |
| ६ | संयुक्त आवास निवेदन प्रति रोपनी | १०००० | १०००० |
| ७ | संयुक्त आवास प्राबिधिक चेकजाँच | २०००० | २०००० |
| ८ | संयुक्त आवास नक्सापास दस्तुर प्रति | १५ | १५ |

| | | | |
|---|---|---|---|
| | बर्गफिट | | |
| ९ | नक्सा नियमित | १३ | १५ |
| १० | नक्सा नवीकरण दस्तुर | नवीकरण दस्तुर नक्सापास गर्दा लाग्ने जम्मा दस्तुरको ६ प्रतिशतले हुन आउने दररेटले हिसाव गरी लिने र नवीकरणको अवधी २ बर्षको लागि मात्र हुनेछ । सो समय पश्चात निमानुसार राजश्व तिरी पुन नक्सापास गर्नुपर्नेछ । | नवीकरण दस्तुर नक्सापास गर्दा लाग्ने जम्मा दस्तुरको ३० प्रतिशतले हुन आउने दररेटले हिसाव गरी लिने र नवीकरणको अवधी २ बर्षको लागि मात्र हुनेछ । सो समय पश्चात निमानुसार राजश्व तिरी पुन नक्सापास गर्नुपर्नेछ । |
| ११ | जस्ता वा टायल छानो, पक्कि इँट्टा गाह्रो प्रति घर | १५०० | १५०० |
| १२ | बाँस वा काठबाट निर्मित माटो जोडाई वा जस्ता टहरा प्रति बर्गफिट | २ | २ |
| १३ | व्यवसायिक टहरा निर्माण प्रति बर्गफिट | ५ | ५ |
| १४ | भुकम्पबाट प्रभावितहरुले घर निर्माण गर्दा | | |
| | क. नेपाल सरकारबाट भुकम्प पिडितहरुको लागि ३ लाख अनुदान प्राप्त भई सो रकम भित्र रहेर घर निर्माण गर्दा | निशुल्क | निशुल्क |
| | ख. नेपाल सरकारबाट भुकम्प पिडितहरुको लागि ३ लाख अनुदान प्राप्त भई सो रकममा ब्यक्तिगत रकम समेत थप गरेर नगरपालिकाको नियमानुसार घर निर्माण गर्दा नक्सापासमा | ५०%छुट हुनेछ | ५०%छुट हुनेछ |
| | ग. बूढानीलकण्ठ नगरपालिकामा कार्यरत कर्मचारीले निजको नाममा वा श्रीमान/श्रीमतीको नाममा जग्गा भई घर बनाउँदा | | |

| | | | |
|---|---|---|---|
| | एक पटकलाई नक्सापास दस्तुरमा ५०%छुट दिईनेछ । | | |
| १५ | ३ पुस्ते भित्र नक्सा नामसारी गर्दा | २००० | २००० |
| १६ | ३ पुस्ते बाहेक अन्यको हकमा नक्सा नामसारी गर्दा | नक्सापास दस्तुरको ५०%हुनेछ | नक्सापास दस्तुरको ५०%हुनेछ |
| १७ | पर्खाल निर्माण स्वीकृत प्रति रनिङ्ग फिट | १ | ५ |
| ***महिलाको नाममा आवासीय घर नक्सा पास गर्दा एक पटकलाई नक्सापास दस्तुरमा १० % छुट हुनेछ ।*** | | | |

## बालि धरौटी तथा अन्य धरौटी

## अनुसूची १६

| **क्र.सं.** | **बिवरण** | **आ.व २०७४।०७५ को स्वीकृत दर** | **आ.व २०७५।०७६ को स्वीकृत दर** |
|---|---|---|---|
| १ | कुनै ब्यक्ति, संस्था कार्यालयले धारा, ढल एवं अन्य निर्माणको लागि नगरपालिकाको जिम्मामा रहेर सडक बाटो खन्दा निम्न बमोजिम धरौटी लिई नगरपालिकाले स्वीकृत दिने | | |
| २ | क. कच्ची ग्राभेल बाटो प्रति बर्ग मिटर | १००० | १००० |
| | ख. ईंट्टा वा ढुंगा बिच्छाएको बाटो प्रति बर्ग मिटर | १५०० | १५०० |
| | ग. कालोपत्रे बाटो प्रति बर्ग मिटर | २००० | २००० |
| | ***तर पिच बाटो बाहेक अन्य बाटो सम्बन्धित पक्षले पुर्व अवस्थामा कायम गरेमा धरौटी बापतको रकम ५०% फिर्ता हुनेछ ।*** | | |
| ३ | बालि धरौटी | भुमीसुधार कार्यालयले तोके बमोजिम | भुमीसुधार कार्यालयले तोके बमोजिम |
| ४ | अन्य धरौटी | नियमानुसार | नियमानुसार |

## फोहोरमैला व्यवस्थापन सेवा शुल्क

## अनुसूची १७

१. नगरपालिकाले आफ्नो क्षेत्रभित्र फोहोर व्यवस्थापन गर्न विषयगत समितीबाट सिफारिस भई नगरसभाबाट स्विकृत भए पश्चात फोहोरमैला व्यवस्थापन सेवा शुल्क लगाइने छ ।

## रजिष्ट्रेशन शुल्क

## अनुसूची १८

१. नगरपालिकाले आफ्नो क्षेत्रभित्र  कानुनले तोके बमोजिम रजिष्ट्रेशन शुल्क लगाइने छ ।

## ढुंगा, गिट्टी, बालुवा लगायत खानी संचालन कर

## अनुसूची १९

१. नगरपालिकाले आफ्नो क्षेत्रभित्र कानुनले तोके बमोजिम ढुंगा, गिट्टी, बालुवा लगायत खानीजन्य पदार्थको शुल्क लगाईनेछ ।